दमक नगरपालिका, झापा

# स्थानीय राजपत्र

खण्ड : संख्या : २७ मिति : २०७६/१२/१

भाग-१

**दमक नगरपालिका, झापा**

**प्रस्तावना** : नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्र भित्रका विषयमा आवश्यक कानुन बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम दमक नगरसभाले यो ऐन बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ** : १) यो ऐनको नाम **"दमक नगर प्रशासकीय कार्यविधि ऐन, २०७६"** रहेको छ।

  २) यो ऐन दमक नगरसभाबाट पारित भई स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट लागू हुनेछ।

२. **परिभाषा** : बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

  क) **"सभा"** भन्नाले संविधानको धारा २२३ वमोजिमको नगरसभा सम्झनु पर्दछ।

ख) **“ऐन”** भन्नाले दमक नगरपालिकाको प्रशासकीय कार्यविधि ऐन, २०७६ सम्झनु पर्दछ ।

ग) **“नगरपालिका”** भन्नाले दमक नगरपालिका सम्झनु पर्दछ ।

घ) **“कार्यपालिका”** भन्नाले दमक नगर कार्यपालिका सम्झनु पर्दछ ।

## परिच्छेद -२

## नियम, निर्देशिका, कार्यविधि, मापदण्ड, नीति बनाउने अधिकार

३. **नियम, निर्देशिका, कार्यविधि, मापदण्ड, नीति बनाउने अधिकार** : १) दमक नगरपालिकाले नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को अधीनमा रही नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड, नीति बनाई लागू गर्न पाउने छ ।

२) उपदफा (१) वमोजिम कार्य गर्दा संघीय तथा प्रदेश कानून वमोजिमका बिषय बाहेकका अन्य विषयमा मात्र आवश्यकता अनुसार निर्देशिका, कार्यविधि, मापदण्ड, नीति बनाउने छ ।

४. **नियमावली, निर्देशिका, कार्यविधि र मापदण्ड लागू गर्ने :** संविधान, ऐन तथा ऐन अन्तरर्गत वनेका नियमावलीको अधीनमा रही दमक नगर कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागू गर्न सक्नेछ ।

५. **नगरसभाले आवश्यकता अनुसार यो ऐन संशोधन गर्न सक्नेछ ।**

६. **बचाउ** : यो ऐन प्रारम्भ हुनु पूर्व दमक नगरपालिका नगर कार्यपालिकाद्वारा बनाई लागू गरिएका नियम, निर्देशिका, कार्यविधि, मापदण्ड, नीति यसै ऐन बमोजिम भएको मानिनेछ ।

**आज्ञाले**
**गणेश प्रसाद तिम्सिना**
**प्रमुख प्रशासकीय अधिकृत**